# नेपाल टेलिभिजन

## एन.टि.भि, एन.टि.भि प्लस र एन.टि.भि.न्युज च्यानलहरुको सिलवन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७८।०४।२० गते )

**नेपाल टेलिभिजनको ३ वटा च्यानलहरु एन.टि.भि, एन.टि.भि प्लस र एन.टि.भि.न्युज च्यानलमा आर्थिक बर्ष २०७८।७९ को लागि निरन्तरता सम्झौता भए पछि बाँकी रहेका कार्यक्रमहरु समय बिक्री, कार्यक्रम प्रायोजन, विज्ञापन समय प्याकेज, बिभिन्न समाचार प्रायोजन तथा समाचार समय विक्री र प्रत्यक्ष प्रसारणको लागि ७ दिनको म्याद दिई शिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।**

१. वोलपत्र फाराम संस्थानको केन्द्रीय कार्यालय, सिंहदरबार, काठमाण्डौंबाट निम्नानुसार शुल्क बुझाई वोलपत्र आब्हानको लागि सूचना प्रकाशित भएको मिति देखि ७ औं दिन भित्र कार्यालय समय सम्म खरिद गर्न सकिने छ । वोलपत्र फारम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।

- बार्षिक रु. २० लाखसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०००।-(अक्षरेपी एक हजार मात्र )
- बार्षिक रु. २० लाख भन्दा माथि रु २ करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ३,०००।- (अक्षरेपी तीन हजार मात्र )
- बार्षिक रु. २ करोड देखि १० करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ५,०००।- (अक्षरेपी पांच हजार मात्र)
- बार्षिक रु. १० करोड देखि माथि न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०,०००।- (अक्षरेपी दश हजार मात्र)

२. बोलपत्रदाताले प्रस्ताव पेश गर्दा कार्यक्रम प्रायोजन, समय बिक्री, बिभिन्न समाचार प्रायोजन तथा समाचार समय विक्री, विज्ञापन समय प्याकेज र प्रत्यक्ष प्रसारणको लागि प्रत्येक स्लटको लागि छुट्टा छुट्टै शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नु पर्नेछ । प्रत्येक बोलपत्र प्रस्तावको खाम बाहिर कुन स्लटको लागि खरिद गर्ने हो ? स्लटको नाम र वोलपत्र नं स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

३. रितपूर्बकको सिलवन्दी गोप्य प्रस्ताव प्रथम पटक सूचना प्रकाशित मितिले ७ औ दिनको भोलिपल्ट दिनको १२.०० बजे सम्ममा संस्थानको केन्द्रीय कार्यालय सिहंदरबार काठमाण्डौंमा दर्ता गराईसक्नु पर्नेछ । पेश भएका वोलपत्रहरु सोहि दिनको २:०० वजे संस्थान तथा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा वोलपत्र खोलिनेछ । वोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा परेको मानिने छैन । सिलवन्दी गोप्य प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन तोकिएको समयसम्ममा प्रस्ताव दर्ता तथा वोलपत्र खोल्ने काम गरिनेछ ।

४. वोलपत्रदाताले प्रस्ताव साथ वोलकवोल गरेको कुल वार्षिक रकमको २.५% ( दुई दशमलव पाँच प्रतिशत ) धरौटि वोलपत्र साथ पेश गर्नुपर्नेछ । सो धरौटी वापतको रकम सिलवन्दी वोलपत्र साथ संस्थानको बैंक अफ काठमाण्डौं लि. काठमाण्डौंमा रहेको चल्ती खाता नं ०१५९००१००६१५५२४ मा जम्मा गरको सक्कल प्रति भौचर वा वोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको स्वीकृत प्राप्त वाणिज्य बैंकबाट जारि हुने bid security पेश गर्नुपर्नेछ । वोलपत्रदाताले छुट्टा छुट्टै वोलपत्रको लागि छुट्टा छुट्टै धरौटी पेश गर्नुपर्नेछ ।

५. TS उल्लेख गरिएको स्लट प्रसारण समय विक्रीको लागि र SP उल्लेख गरिएको स्लट कार्यक्रम प्रायोजनको लागि हुनेछ ।

६. प्रसारण समय विक्रीको लागि प्रसारण गरिने कार्यक्रमको एक भाग डमी एउटै खामभित्र सिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

७. वोलपत्र सम्बन्धी बिस्तृत जानकारी (समय स्लट एवं दररेट) का लागि संस्थानको व्यापार महाशाखा सिहंदरबार काठमाण्डौंमा सम्पर्क राख्नु हुन वा नेपाल टेलिभिजनको वेभसाईट www.ntv.org.np हेर्नको लागि जानकारी गराईन्छ ।

**सम्पर्क फोन नं. ४२००३४८/४२००५६५**
**ब्यापार महाशाखा, सिंहदरबार, काठमाण्डौं**